आजमिति २०७६ साल फागुन महिनाको २२ गते बिहान ७ बजे यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको ३४ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | गोबिन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |
| १९. | सुरेन्द्र बहादुर सिंह | MIS operator | |

निर्णयहरु

यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको आज बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

१. ४ सय १७ क्षमताको जलासयुक्त क्षमताको नलगाड जलविद्युत्त आयोजनाको मुआब्जा वितरण गर्ने सन्दर्भमा प्रति रोपनी रु. एक सय सिफारिस दस्तुर लिने निर्णय गरियो ।

२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका भित्र अर्को सूचना जारी नभएसम्म मान्छेहरुको सार्वजनिक भेला हुने स्थानीय मेला, पर्व, जात्रा, विद्यालय तथा संघ संस्थाहरुको वार्षिक उत्सव, जन्मदिन, राजनीतिक सभा, र्‍याली, जुलुस जस्ता कार्यहरु नगर्न तथा नगराउन सार्वजनिक सूचना गर्ने तथा कोरोना भाइरस बारे जनचेतना प्रवाह गर्नका लागि नेपाल प्रहरीको सहयोगमा यसपालिका भित्रका सार्वजनिक स्थानहरुमा पुगी माइकिङ गर्ने निर्णय गरियो ।

३. मिति २०७६ असोज २० गते राती अज्ञात समुहद्वारा वडा नम्बर ३ को कार्यालय तोडफोड तथा आगजनी गरी कार्यालयीय सामाग्री नष्ट गरेको हुदा उक्त वडा कार्यालय व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद गर्ने निर्णय सर्वसम्मतीले गरियो ।

४. यस गाउँपालिका विभिन्न शाखा, उपशाख, वडा कार्यालय, प्रहरी चौकीमा अति आवश्यक तपसिल बमोजिमका सामाग्रीहरु खरिद तथा व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

| सामाग्रीको विवरण | परिमाण | शाखा तथा फाँटको नाम |
|---|---|---|
| डेस्कटप कम्प्युटर | ५ | प्राविधिक, योजना, कम्प्युटर, प्रहरी चौकी (२) |
| ल्यापटप | १२ | इन्जिनियर (१) प्राविधिक (५), लेखा (१), शिक्षा (१), वडा (१) एमआइएस (२), पशुपन्छी शाखा ( १) |
| फोटोकपी मल्टी फंसनल सामान्य | १ | वडा (१), |
| फोटोकपी ठूलो क्षमता | १ | गाउँपालिकाको कार्यालय |
| सोलार सेट | ४ | वडा नम्बर ३ मा १, प्रहरी चौकी (३) |

५. यस गाउँपालिका, गाउँकार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको औपचारिक रुपमा सार्वजनिक गर्न तथा गाउँपालिकासँग सम्बन्धित विविध सार्वजनिक महत्वका विषयहरुलाई संचार माध्यम तथा स्थानीय जनता माझ प्रवाह गर्नका लागि यस गाउँकार्यपालिकाका सदस्य श्री शशीराम गौतमलाई **गाउँपालिका प्रवक्ताको** रुपमा सर्वसम्मतिले चयन गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिका, गाउँकार्यपालिकाको **कर्मचारी प्रशासन सञ्चालन, व्यवस्थापन तथा नियन्त्रण** गर्नका लागि अधिकृत छैटौं श्री प्रकाश बटालालाई प्रदान गर्ने साथै कार्यलयसँग सम्बन्धित सार्वजनिक चासोको सुचना प्रवाह गर्नका लागि **सुचना अधिकारीको** जिम्मेवारी समेत तोक्ने निर्णय सर्वसम्मतिले गरियो ।

७. आ.व. २०७५/७६ मा यस गाउँपालिकामा रहेको जडीबुटी सेतक चिनी संकलन अनुगमन तथा निरिक्षण गर्ने क्रममा खटिएका तपसिलका व्यक्तिहरुबाट खाना वापतको खर्च भएको भनी बिल भरपाई पेस गरेको हुदा सो विषयमा वास्तविक खर्चको एकिन गर्न देहाय बमोजिमको खर्च एकिन तथा भुक्तानी सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

क. बिल भरपाई पेस गर्नेहरु

१. करबहादुर सिंह : बिल रकम भुक्तानी भैसकेको
२. ऐनबहादुर परियार
३. चित्र बहादुर सिंह
४. बिनोद शाही
५. जय बहादुर रावत
६. खडक बहादुर बोहरा

ख. खर्च एकिन तथा भुक्तानी सिफारिस समिति

१. सिर्जना बस्नेत : संयोजक, कार्यपालिका सदस्य
२. श्रम बहादुर सिंह : सदस्य
३. चक्र बहादुर सिंह : सदस्य

*(पुनश्च: समितिले वास्तविक खर्चको बिल तथा भुक्तानी सिफारिस समिति गठन भएको १५ दिन भित्र पेस गरि सक्नुपर्नेछ ।)*

८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) बमोजि यस गाउँपालिकामा देहाय बमोजिम समिति गठन गर्ने निर्णय सर्वसम्मतीले गरियो ।

(क) स्थानीय तह समन्वय समिति

१. श्री ओमा शाही (उपाध्यक्ष) : अध्यक्ष
२. श्री गोविन्द बहादुर सिंह (निमित्त प्रमुख प्रशासकीय अधिकृत) : सदस्य
३. श्री कर्ण कामी (वडा नम्बर २ अध्यक्ष): सदस्य
४. श्री राम बहादुर मल्ल (शिक्षा अधिकृत) : सदस्य
५. श्री सुरेन्द्र बहादुर सिंह (एमआइएस अपरेटर) : सदस्य सचिव

(ख) गाउँपालिका गुनासो सुनवाई समिति

१. श्री गोविन्द बहादुर सिंह (निमित्त प्रमुख प्रशासकीय अधिकृत) : संयोजक
२. श्री प्रकाश बटाला (अधिकृत, छैटौं): सदस्य
३. श्री सुरेन्द्र बहादुर सिंह (एमआइएस अपरेटर) : सदस्य सचिव

९. यस गाउँपालिकाको वडा नम्बर ५ निवासी श्री भुमिलाल बस्नेतको घरमा मिति २०७६ फागुन ४ गतेका दिन घरमा आगलागी भई घर, अन्नपात तथा सम्पत्ती नष्ट भएको प्रहरी चौकी नायकवाडाको मुचुल्का अनुसार निज पीडितलाई राहत स्वरुप एकमुष्ट रु. ५० हजार तथा वडा नम्बर १ निवासी दलजीत कामीको घरमा आगलागी भई अन्नपात, तथा सम्पत्ति नष्ट भएको हुदा रु. ३० हजार त्यस्तै वडा नम्बर ४ निवासी दत्ते बोहराको घर बाढी पहिरोले घर पूर्णरुपमा क्षती गरेको हुदा रु. २० हजार रुपैयाँ नगद प्रदान गर्ने र यस गाउँपालिकाको वडा नम्बर ५ का वडा अध्यक्ष श्री अजबिर सिंहलाई औषधि खर्च वापत् ५० हजार, बारेकोट ५ निवासी श्री दानबहादुर सिंहलाई औषधि खर्च वापत् ५० हजार, बारेकोट ८ निवासी तुल्सी सिंहलाई औषधि खर्च वापत ५० हजार, बारेकोट ४ निवासी गोरख सार्कीलाई औषधि खर्च वापत् रु २५ हजार, बारेकोट ४ निवासी कर्णबहादुर नेपालीलाई घर निर्माण राहत स्वारुप १० हजार रुपैयाँ सर्वसम्मतिले पारित गरियो ।

१०. संस्कृती संरक्षण अन्तर्गत तपसिल बमोजिमका योजनाहरुलाई छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
क. महादेव थान मर्मत वडा नम्बर ३ रुम्सील : २०००००
ख. महादेव मन्दिर मर्मत वडा नम्बर ७ सुवाकोट : १०००००
ग. पितृ थान वडा नम्बर २ रोकायगाउँ : १०००००
घ. पर्छो पिर्त जगन्नाथ माई मन्दिर निर्माण बारेकोट-५, १०००००।

११. बारेकोट गाउँकार्यपालिकाले कृषि विकास बैंक बारेकोट शाखामा सञ्चालन गरेका र विभिन्न खाताहरुको इ–बैंकिङ्ग सेवा लिनका लागि अनुरोध गर्ने र सो को संचालन यस कार्यालयका लेखापाल श्री राज बहादुर सिंहलार्य जिम्मा दिने निर्णय गरियो ।